१०८ र १०९ दफाबमोजिम जाँचबुझ गराउन दरखास्त गरेर कुनै रीस इबीले गरेको होइन, यसमा मुनासीब कारण छ भन्ने देखाउनाको निमित्त चाहिने प्रमाणसहित यस विभागमा पेश गर्नुपर्नेछ। सो दरखास्त पेश भएमा यस विभागबाट कानूनबमोजिम जो गर्नुपर्ने कारवाई गराइने भएको हुनाले यो सूचना प्रकाशित गर्ने काम भएको छ।

डाइरेक्टर,
उद्योगविभाग.

उद्योगविभागको

सूचना

श्रीबाला आएल एन्ड राइस इन्डस्ट्रिज लि.

श्रीबाला आएल इन्ड राइस् एन्डस्ट्रिज लि. को असाधारण सभामा कोरम नपुगेको हुनाले चार पटकसम्म पनि कारवाई हुन नसकेको सम्बन्धित व्यक्तिहरुलाई विदितै होला। यसै बिचमा सञ्चालक समितिमा नै मतभेद खडा भई राम्रो कारवाई हुन नसकेकोले यस विभागकातरफबाटै सो सभा बोलाइने भएको छ। सो सभा मार्ग २० गते रोज ६ मा २ बजे उद्योगविभागमा गरिनेछ। आशा गरिन्छ कि सबै सदस्यहरुले उपस्थित भएर सभाको कारवाई सफल गराउन सहयोग दिनेछन्। स्वयं उपस्थित हुन नसक्ने सदस्यहरुले सभा हुनुभन्दा ४८ घण्टाअगाडि प्रतिनिधिपत्र यस विभागमा पठाइदिने काम गरे बेस होला।

डाइरेक्टर,
उद्योगविभाग.

आधिकारिकता सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।